पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ ६ गते आइतबार ❑ 19 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## 'नेपाल भ्रमण वर्ष २०२५' शुभारम्भ

**रासस**
काठमाडौं, ५ माघ

संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, चिनियाँ राजदूतावास, भक्तपुर नगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा 'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शनिबार शुभारम्भ भएको छ।

भक्तपुर दरबारस्क्वायमा शनिबार आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का र नेपालका लागि चिनियाँ राजदूत छेन सोङले संयुक्त रूपमा भ्रमण वर्षको उद्घाटन गर्नुभएको हो । कार्यक्रममा मन्त्री खड्काले अन्तर्राष्ट्रिय पर्यटकका लागि नेपाल उत्कृष्ट गन्तव्यस्थलको रूपमा रहेको बताउनुभयो । उहाँले दुई देशबीच आर्थिक, सामाजिक र राजनीति सम्बन्ध विस्तार गर्न नेपाल सरकारको तर्फबाट सक्दो पहल गरिने बताउँदै कोभिड महामारीपश्चात् नेपालको पर्यटन क्षेत्र चलायमान बनिरहेको उल्लेख गर्नुभयो । अहिले सुरु गरिएको भ्रमण वर्षले नेपाल र चीनबीच पर्यटन, ऊर्जा र कृषि क्षेत्रमा आवश्यक सहकार्य गर्न सकिने विश्वास मन्त्री खड्काले व्यक्त गर्नुभयो । "पर्यटन क्षेत्रको विकासमा आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका काम भइरहेकाका छन्", उहाँले भन्नुभयो, "गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउनुका साथै त्रिभुवन विमानस्थल र अन्य आन्तरिक विमानस्थलको



स्तरोन्नति र विस्तार कार्य भइरहेको छ ।" नेपालको सामाजिक, आर्थिक विकासमा पर्यटन क्षेत्रको सम्भावना र महत्वलाई ध्यानमा राख्दै नेपाल सरकारले पर्यटन क्षेत्रलाई उच्च प्राथमिकता दिएर योजनाबद्ध रूपमा काम गरिरहेको मन्त्री खड्काले जानकारी दिनुभयो। प्रदेश र स्थानीय तहले पनि पर्यटन क्षेत्रलाई नेपालको आर्थिक समृद्धिको साझा माध्यमका रूपमा प्राथमिकतामा राख्दै आएका उहाँले बताउनुभयो। नेपालका लागि चिनियाँ राजदूत सङले भ्रमण वर्ष २०२५ ले दुई देशबीचको सम्बन्धलाई अझै मजबुद बनाउने बताउनुभयो । नेपाल र चीनबीच आपसी सहयोग आदानप्रदान तीव्र गतिमा अगाडि बढिरहेको बताउँदै उहाँले नेपाल-चीनबीच युवा, शिक्षा, संस्कृति, पर्यटनलगायत क्षेत्रमा भइरहेका सहकार्यलाई सुदृढ गर्ने, मानवीय सम्बन्धलाई थप प्रगाढ बनाउने र पुस्तौँपुस्तादेखिको मित्रतालाई निरन्तरता दिने विषयमा सहमति भएको उल्लेख गर्नुभयो।

दुई देशबीच भएका सहमति कार्यान्वयनको सिलसिलामा भ्रमण वर्ष २०२५ आयोजना गरिएको राजदूत सङले बताउनुभयो। "सन् २०२५ मा नेपाल पर्यटन वर्ष प्रवर्द्धनात्मक गतिविधि आयोजना गर्न नेपाललाई चीनमा हार्दिक स्वागत गर्दै चिनियाँ पर्यटकलाई नेपाल भ्रमण गर्न प्रोत्साहित गर्नेछौँ", उहाँले भन्नुभयो, "यसबाट नेपालको पर्यटन क्षेत्रलाई अगाडि बढाउन र दुई देशबीचको सांस्कृति आदानप्रदान एवं सहकार्यलाई थप ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्दछौँ।" नेपाल र चीनबीच विगतमा भएका सहमतिको कार्यान्वयन गर्नु, दुई देशबीचको पर्यटन क्षेत्रमा भएका सहकार्यलाई थप उचाइमा पुऱ्याउन र दुई देशबीचको मानवीय सम्बन्धलाई अझ प्रगाढ बढाउन नेपाल पर्यटन वर्ष २०२५ आयोजना गरिएको राजदूत सङको भनाइ थियो।

नेपाल विश्वप्रसिद्ध पर्यटकीय गन्तव्यस्थल रहेको बताउँदै यहाँका उच्च हिमालय, पर्वत शृङ्खला, चितवन राष्ट्रिय निकुञ्जको प्राकृतिक सौन्दर्यता, लुम्बिनी, काठमाडौं, जनकपुरजस्ता प्राकृतिक साथै सांस्कृतिक र ऐतिहासिक सम्पदाले प्रत्येक वर्ष विभिन्न देशका पर्यटकलाई नेपाल भ्रमण गर्न आकर्षित गर्दै आएको उहाँले धारणा राख्नुभयो। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सन् १९५५ मा नेपाल-चीनबीच दौत्य सम्बन्ध स्थापना भएको स्मरण गर्दै चीनले नेपालको पर्यटन प्रवर्द्धन गर्ने तथा चिनियाँ पर्यटकलाई नेपाल भ्रमण गर्न प्रेरित गर्ने उद्देश्यले घोषणा गरिएको 'नेपाल भ्रमण वर्ष २०२५' सफल पार्न सबैको सहयोग र समन्वय आवश्यक पर्ने बताउनुभयो।

नेपाल पर्यटकीय दृष्टिले अत्यन्त सम्भावना भएको देश हो भन्दै नगरप्रमुख प्रजापतिले विश्वको उच्च सगरमाथा र अन्य हिमालय पर्वत, प्राकृतिक सुन्दरता, बुद्ध जन्मभूमि लुम्बिनी र विश्व सम्पदामा सूचिकृत थुप्रै स्थल नेपालमा रहेकाले यहाँको पर्यटन प्रवर्द्धनमा सबैले सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो। मुलुकमा रहेका पर्यटकीय स्थलको प्रभावकारी


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## 'मानवसेवाभन्दा ठूलो धर्म अरू हुनसक्दैन'

**रासस**
लमजुङ, ५ माघ

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मानवसेवाभन्दा ठूलो धर्म अरू हुन नसक्ने बताउनुभएको छ।

बैंसीसहर नगरपालिका-७ स्थित मानवसेवा आश्रममा आज आयोजित आश्रमको भवन निर्माणका लागि एनसेलद्वारा सहयोग रकम हस्तान्तरण कार्यक्रममा उहाँले विविध कारणले सडकमा पुगेका मानिसको सेवाका लागि गरिने सहयोग महत्वपूर्ण रहेको बताउनुभयो। "धेरै मानिसले अन्य काममा पनि सहयोग गर्छन् तर परिवारले हेला गरेका र विविध कारणले सडकमा भौतारिरहेका मानवलाई सहयोग गर्नु उत्तम धर्म हो", सरकारको प्रवक्ता मन्त्री गुरुङले भन्नुभयो,"समस्यामा परेका मानवको सहयोग गर्न सबै तयार हुनुपर्छ । यस्तो सहयोग गर्नु ठूलो धर्म गर्नु हो।" उहाँले आफू गण्डकी प्रदेशको मुख्यमन्त्री भएका बेला लमजुङ, कास्की, गोरखालगायत चार ठाउँमा आश्रम निर्माणका लागि सहयोग गरेको र आगामी दिनमा पनि सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । मन्त्री गुरुङले सडकमा भौतारिरहेका मानिसको सेवा र उत्थानका लागि मानवसेवा



आश्रमले गरिरहेको योगदानको प्रशंसा गर्नुभयो। उहाँले आश्रमले गरिरहेको काम प्रधानमन्त्री केपी शर्मा ओलीले पनि चासोका साथ हेरिरहेको भन्दै आश्रमलाई सबैले माया गर्नुपर्नेमा जोड दिनुभयो । "प्रधानमन्त्री स्वयं र आमा (प्रधानमन्त्री पत्नी) यसको संरक्षक हुनुहुन्छ। त्यसैले आश्रमको काम कारबाहीप्रति हामी सबैको ध्यान छ", मन्त्री गुरुङको भनाइ थियो । कार्यक्रममा एनसेलका प्रतिनिधि डिल्लिराम श्रेष्ठले सामाजिक उत्तरदायित्वअन्तर्गत आफ्नो संस्थाले आश्रमको भवन निर्माणको लागि रु १० लाख सहयोग गरेको बताउनुभयो । उहाँले संस्थाले शिक्षा, स्वास्थ्य र वातावरणलगायत क्षेत्रमा हालसम्म रु दुई अर्बभन्दा बढी सहयोग गरेको बताउनुभयो।

आश्रमकी संयोजक अनिता अधिकारीले चन्दादाता, विभिन्न सङ्घसंस्था, स्थानीय र प्रदेश सरकारको आर्थिक सहयोगमा आश्रमको भवन निर्माण भइरहेको बताउनुभयो । आश्रममा हाल २४ जना रहेका उहाँले जानकारी दिनुभयो । यसैबीच मन्त्री गुरुङले आजै यहाँ निर्माणाधीन मानवसेवा आश्रम भवनको अवलोकन गर्नुभएको छ । लमजुङ बैंसीसहर नगरपालिका-९ पाखाथोकमा निर्माणाधीन मानवसेवा आश्रमको अवलोकन गर्दै उहाँले भवन निर्माण सहयोगको प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यस अवसरमा आश्रमकी संयोजक अनिता अधिकारीले भवन निर्माणको अवस्था, चुनौती, समस्या तथा बजेटबारे जानकारी गराउनुभयो। उहाँले जग्गा सम्याउन, पहिरो रोकथाम, पर्खाल निर्माण र तीन वटा घर निर्माणलगायत काममा रु छ करोडभन्दा बढी खर्च भइसकेको बताउनुभयो। हालसम्म ४० प्रतिशत निर्माण कार्यसम्पन्न भएकाले बाँकी काम गर्न आर्थिक सहयोगका लागि संयोजक अधिकारीले मन्त्री गुरुङलाई आग्रह गर्नुभयो।

विसं २०७८ देखि आश्रम निर्माण थालिएको हो । गण्डकी प्रदेश सरकार, पालिका, विभिन्न संघसंस्थाको सहयोगमा भवन निर्माण भइरहेको छ। आश्रमको भवन निर्माण गर्न 'बालसपना समाज'ले पाँच रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको छ।

## 'दुई दलीय शक्तिको अभ्यास स्वीकार्य हुँदैन'



**पोखरापत्र संवाददाता**
दमौली, ५ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का महासचिव देवप्रसाद गुरुङले दुई दलीय शक्तिको अभ्यास स्वीकार्य नहुने बताउनुभएको छ।

शनिबार यहाँ आयोजित तमु राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समितिको विस्तारित बैठकमा उहाँले संविधान संशोधनको नाममा सीमित दल अस्थित्वमा रहने गरी गरिने कुनै पनि कार्य स्वीकार्य नहुने बताउनुभयो।

महासचिव गुरुङले पार्टीप्रति जनआकर्षण बढेको गएको कुरा उपनिर्वाचनले पुष्टि गरिसकेको भन्दै त्यसलाई थप बढाउन क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो । "माओवादी पार्टी सकियो भन्ने भाष्य निर्माण गर्न खोजिएको थियो। त्यसलाई जनताले र गलत प्रमाणित गरिसके। अब पार्टी नेता तथा कार्यकर्ता पार्टी संगठन निर्माण जुटौं। पार्टीलाई बलियो बनाउन लागौं", उहाँले भन्नुभयो । कार्यक्रममा पार्टी केन्द्रीय सदस्य गायत्री गुरुङ, सुरेश आले मगर, हरिबहादुर चुमानलगायतले सम्बोधन गर्नुभएको थियो । बैठकले आगामी फागुन १० गते मुक्ति मोर्चाको राष्ट्रिय भेला पोखरामा आयोजना गर्ने निर्णय गरेको नेता मनराज गुरुङले जानकारी दिनुभयो।




# मिस तामाङ पोखराको ट्यालेण्ट राउण्ड सकियो, माघ १२ मा ग्राण्ड फिनाले

**पोखरापत्र संवाददाता**
पोखरा, ५ माघ

मिस तामाङ पोखराको ट्यालेण्ट राउण्ड सम्पन्न भएको छ। बैदाम तामाङ सेवा समाजको आयोजनामा नवौं संस्करणको मिस तामाङ पोखरामा सहभागि प्रतियोगीहरुले बिभिन्न बिधामा आफ्नो प्रतिभा प्रस्फुटन गरेका थिए।



प्रतिभा प्रस्फुटन कार्यक्रममा आकृति तामाङले वुवाको बारेमा कविता, मञ्जिता पाख्रिनले आमाको बारेमा कविता प्रस्तुत गरेका थिए। प्रिन्सेस घिसिङ तामाङले कौरा नृत्य, पुर्णिमा थिंङ्ग तामाङले लिम्वु जातीले प्रयोग गर्ने सिलामसात्मा बुनेर देखाएका थिए। यसैगरि अर्का प्रतियोगी सुनिता तामाङले आफुले उनीको धागोबाट तयार पारेका बिभिन्न हस्तकलाका सामाग्री प्रर्दशनी गर्नुका साथै प्रत्यक्ष बुनेर देखाउका थिए। शिशा लामाले आफै गिटा बजाउदै गित गायकी थिइन् भने सुप्रिया गोले तामाङले नृत्य प्रस्तुत गरेका थिए। यसैगरि अर्का प्रतियोगी पुर्णिमा लामाले कविता वाचन, सुमिना तामाङ नृत्य, जमुना लामाले सेल्फ मेकअप र सोनिका तामाङले नृत्य प्रस्तुत गरेका थिए। यस अघि कार्यक्रमको उदघाटन गर्दै नेपाल तामाङ घेदुङ गण्डकीका उपाध्यक्ष रामबहादुर ब्लोन शिबुले तामाङ समुदायका चेलीहरुलाई भाषा, धर्म, संस्कार र संस्कृतिका बारे जानकारी गराउँदै ब्यक्तित्व विकासका लागि यो कार्यक्रमलले महत्वपुर्ण भुमिका निर्वाह गर्ने बताए। नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष कन्चन थापाले महिला सशक्तीकरण तथा युवा पुस्तामा संस्कार संस्कृति हस्तान्तरणका लागि मिस तामाङ पोखरा लोकप्रिय रहेको बताए। गीतकार तीर्थ तामाङले कुनै पनि समुदायको पहिचान उसको भाषा र संस्कृति हुने भएकाले यसको जगेर्नामा युवा पुस्ताको चासो रहन पर्नेमा जोड दिए। बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङको अध्यक्षतामा भएको कार्यक्रममा प्रतियोगिताका तालिम तथा मिडिया संयोजक सन्जय मल्ल, राम लामा, मिस तामाङ पोखरा २०२४ का विजेता रोशिला ब्लोन तामाङ, कार्यक्रम संयोजक रोश्मा तामाङ, कोरियोग्राफर जिता तामाङले बोलेका थिए। प्रतिभा प्रस्फुटन कार्यक्रममा निर्णायकहरुमा गीतकार तीर्थ तामाङ, नेपाल पत्रकार महासंघ कास्की उपाध्यक्ष कन्चन थापा, एसके डान्स स्कुलका सन्चालक एवम सुपरमम् २०७१ एपविजेता माया लामा रहेका थिए।

सोनाम ल्होसारको अवसरमा माघ १२ गते पोखरा सभागृहमा हुन लागेको प्रतियोगिहरुलाई बिभिन्न बिषयमा तालिम प्रदान गरिएको छ। तालिममा पोखरेली युवा साँस्कृतिक परिवारका निवर्तमान अध्यक्ष उपेन्द्र पौडेल, रेडियो अन्नपुर्णका स्टेशन म्यानेजर सन्जय मल्ल, नेपाल जेसिसका पुर्व अध्यक्ष राजु केसी, भाषाविद अमृत योञ्जन, पुर्व मिस तामाङ पोखरा कविता योञ्जन, नेपाल तामाङ घेदुङका केन्द्रिय उपाध्यक्ष दीपक वाइवा तामाङ, मिङमार तामाङ, पुर्व मिस नेपाल अनुष्का श्रेष्ठ, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारी, बैदेशिक अध्ययनका चुनौतीका बारेमा नैना थिङ्ग लामा ताम्राकारले सहजीकरण गरेका थिए। यसैगरि अधिवक्ता जुना गुरुङ, गुरु लामा पाल्देन, फिटनेसका बारेमा आभ्या क्लब, तामाङ समुदायको रितिरिवाजका बारे नेपाल तामाङ घेदुङका पुर्व केन्द्रिय अध्यक्ष धनप्रसाद तामाङ, एभिन्युज टेलिभिजनका अध्यक्ष भाष्कर‌राज कर्णिकार, नेपाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष कन्चन थापा, एस के डान्स स्कुलका संचालक राम लामाले नृत्य कला सिकाएका थिए।

यसगरि विद्याज डाइटका संचालक डाइटिसियन श्रीविद्या कायस्थले सन्तुलित आहार, गुरुङ व्युटी एकेडेमीका सौन्दर्यविद चिनु गुरुङले सौन्दर्यकला, खोजमिडियाका संचालक एवम फोटो पत्रकार गणेश ब्लोन लामाले फोटोग्राफी र नेपाल पत्रकार महासंघ कास्कीका पुर्व अध्यक्ष तथा एभरेष्ट रेडियोका प्रबन्ध निर्देशक दीपेन्द्र श्रेष्ठले लिडरसिपका बारेमा प्रशिक्षण प्रदान गरेका थिए।

माघ १२ शनिबार हुने ग्राण्ड फिनालेमा विशाल काल्तान लगायतका कलाकारको प्रस्तुती रहनेछ। बैदाम तामाङ सेवा समाज कास्कीले हरेक वर्ष ल्होसारको अवसरमा मिस तामाङ पोखरा तथा ल्होसार म्युजिकल फेष्टिभल गर्दै आएको छ।

# 'पोखरा एक्स्चेन्ज एन्ड टेस्ट ड्राइभ कार्निभल' शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ माघ

पोखरामा निसान, ओमोडा एन्ड जेइको, जिकर, लिपमोटर र सिट्रोन लगायतका विभिन्न ब्रान्डका सवारी साधन बिक्री-वितरण गरिरहेको बराल ग्रुपले 'पोखरा एक्स्चेन्ज एन्ड टेस्ट ड्राइभ कार्निभल' आयोजना गरेको छ।

शनिबार शुरु भएको सो कार्निभलमा ग्राहकको उत्साहजनक सहभागिता देखिएको आयोजकको भनाइ छ। पोखरा इभेन्ट सेन्टर, बुलौदी, लेकसाइडमा संचालन भइरहेको सो बृहत अटोमोबाइल प्रदर्शनीमा शनिबार ५० भन्दा धेरैले टेष्ट ड्राइभ गरेको बराल ग्रुपका प्रवन्ध निर्देशक शिव बराललले जानकारी दिए। कार्निभल माघ ७ गतेसम्म संचालन हुनेछ। बराल ग्रुप अन्तर्गतको 'एलिट मोटर्स प्रालि' ले पोखरामा निसान, ओमोडा एन्ड जेइको र जिकर तथा 'एसएसएल मोटर्स कम्पनी' ले लिपमोटर र सिट्रोन ब्रान्डका सवारी साधन बिक्री-वितरण गरिरहेको छ। यी सबै ब्रान्डको नेपालका लागि आधिकारिक वितरक शारडा ग्रुप र गोल्छा ग्रुप अन्तर्गतका विभिन्न कम्पनी छन्। तीन दिने कार्यक्रममा सहभागीहरूले विभिन्न सवार ीसाधनहरूको अवलोकन र टेस्ट ड्राइभ गर्न सक्नेछन्। यसका साथै आकर्षक छुट तथा डिस्काउन्टको अवसर समेत प्राप्त गर्नेछन्। एलिट मोटर्स र एसएसएल मोटर्स बराल ग्रुप अन्तर्गतका कम्पनी हुन्।




नेपाली अटोमोबाइल बजारका प्रख्यात र अग्रणी नामहरू शारडा ग्रुप र गोल्छा अर्गनाइजेसनको सहकार्यमा सो कार्निभल आयोजना हुनेछ। शारडा ग्रुपले ओमोडा, जेइको, जिकर (ईभी सेग्मेन्ट) र निसान म्याग्नाइट (पेट्रोल संस्करण) का पछिल्ला मोडलहरू प्रदर्शन गर्नेछ भने गोल्छा अर्गनाइजेसनले लिपमोटर र सिट्रोन ई-सी३ जस्ता अत्याधुनिक विद्युतीय सवारी साधनहरू प्रदर्शनीमा छन्।

# पोखरा महोत्सवमा दर्शकको भीड बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ माघ

पोखराको अमरसिंह चौरमा जारी १३ औं संस्करणको पोखरा महोत्सवमा दर्शकको भीड बढेको छ। महोत्सवको दशौं दिन महोत्सव स्थल संगै दर्शकको भीड अमरसिंह चोक देखि महोत्सव स्थल सम्मको सडक भरिएको थियो।




दर्शकको भीड लाग्दा महोत्सव आयोजकलाई समेत दर्शकलाई सम्हाल्न गाह्रो परेको थियो। शनिवार दिउसो मात्र नभई सांझको कन्सर्टमा समेत युवाहरुको बाक्लो उपस्थिती रहेको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। शनिवार दर्शकको बाक्लो उपस्थिती संगै महोत्स्व स्थलमा राखिएको स्टलहरुमा समेत उल्लेख्य कारोबार भएको महोत्सवका अर्थ तथा स्टल ब्यवस्थापन उपसमिति संयोजक जयराम आचार्यले जानकारी दिए। महोत्सवमा विशेष गरी घरायसी सामाग्री, लत्ता कपडा, श्रृङ्गारका सामाग्री, जाडो मौसमका सामाग्री, कृषिका सामाग्री संगै तरकारी लगायतका सामाग्रीको ब्यापार वढेको आचार्यले बताए। महोत्सवको दशौं दिन लोक दोहारी कलाकार शान्तारानी परियार, प्रजापति पराजुली, चोलेन्द्र पौडेल, राजन कार्की, तुलसा क्षेत्री, शिवहरी ढुंगाना, माया गुरुङ, बत्ती थापा मगर लगायतको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिएभने सांझको लाइभ कन्सर्टमा युवाहरु माझ चर्चित भीटेनको प्रस्तुतीमा युवाहरु झुमेका थिए।

महोत्सवको एघारौं दिन रचना रिमाल, चोलेन्द्र पौडेल, घनश्याम रिजाल, कृष्णा गुरुङ, सरस्वती लामिछाने, तुलसा क्षेत्री, सुरेश भुर्तेल, सुनिमा गुरुङ, केश बहादुर गुरुङ लगायतको पस्तुती रहने छभने सांझको लाइभ कन्सर्टमा पूर्ण राई एण्ड दाजुभाइको प्रस्तुती रहने महोत्सव कलाकार ब्यवस्थापन उपसमिति संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए। शनिवार सम्पन्न विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगितामा विभुति शिक्षा सदन उत्कृष्ट प्रस्तुती र सरस्वती विद्या सदन लामाचौर वाइल्ड कार्ड इन्ट्री मार्फत फाइनलमा प्रवेश गरेको हो। महोत्सवको अन्तिम दिन सोमबार सेन्ट मेरिज, कास्की मोडनाइज्ड, बेसलाइन एकेडेमी, बिभुती र सरस्वती विद्या सदन लामाचौर बीच फाइनल प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक विष्णु कुमार गुरुङले जानकारी दिए।

# महिला विश्वकप क्रिकेटमा नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित

**रासस**
काठमाडौं, ५ माघ

आईसीसी यू-१९ टी-२० महिला विश्वकप क्रिकेट प्रतियोगिता आफ्नो पहिलो खेलमा नेपाल नेपाल बङ्गलादेशसँग पाँच विकेटले पराजित भएको छ।

मलेसियाको बाङ्गीमा रहेको युकेएम ओभल क्रिकेट मैदानमा आज सम्पन्न खेलमा नेपालले दिएको ५३ रनको विजयी लक्ष्य बङ्गलादेश १३ दशमलव दुई ओभरमा पाँच विकेटको क्षतिमा पूरा गऱ्यो।

बङ्गलादेशका लागि सादिया इस्लामले २४ बलमा एक चौकाको सहयोगमा १६ रन बनाइन्। सुमैया अक्तरले १२ र अफिया अशिमा इराले नौ रन जोडिन। बलिङतर्फ नेपालकी रचना चौधरी, रिया शर्मा, सिमना केसी र पूजा महतोले समान एक/एक विकेट लिए। टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ५२ रन बनाएको थियो। नेपालका लागि ओपनर साना प्रविनले ३२ बलमा १९ रन बनाइन्।

त्यस्तै सिमाना केसीले १० रनको योगदान दिइन्। अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। कप्तान पूजा महतो दुई रनमा आउट भइन भने अलिशा यादवले चार रन बनाइन। यसैगरी तिर्सना विक र रचना चौधरीले समान तीन/तीन रन बनाउँदा रिया शर्मा पाँच रनमा नटआउट रहिन्। बङ्गलादेशका लागि जनाथन माओलाले दुई विकेट लिइन भने अनिसा सोवा, फोयोमोदी चोया र निशीता अख्तरले समान एक/एक विकेट लिए।

नेपालले आफ्नो दोस्रो खेल यही माघ ७ गते स्कटल्यान्डसँग खेल्नेछ। प्रतियोगिताको समूह 'डी'मा रहेको नेपाललाई सुपर-६ मा पुग्न कम्ती एउटा खेल जित्नुपर्छ। समूहमा नेपालसँगै बङ्गलादेश, स्कटल्याण्ड र अस्ट्रेलिया छन्। आजै भएको सोही समूहको पहिलो खेलमा अस्ट्रेलियाले स्कटल्याण्डलाई ९ विकेटले पराजित गरेको छ।

## नेपाल ...

र समयसापेक्ष प्रचारप्रसार नहुँदा आशातित पर्यटक आउन नसकेका उहाँले बताउनुभयो। चिनियाँ पर्यटक भक्तपुर भ्रमण गर्ने विदेशी पर्यटकमध्ये सङ्ख्यामा दोस्रोमा पर्ने बताउँदै नगरप्रमुख प्रजापतिले चिनियाँ सरकारका उच्च पदस्थ पदाधिकारीद्वारा हुने नेपाल भ्रमणमा भक्तपुरलाई पनि प्राथमिकतामा राखेर अवलोकन गर्न आग्रह गर्नुभयो। नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक दिपकराज जोशीले सरकारले सन् २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा घोषणा गरेको भन्दै भ्रमण वर्ष सफल पार्न सबैको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो।

# भाटखोलामा पाठेघरको मुखको निशुल्क भिआइए परीक्षण


**पोखरापत्र संवाददाता**
पोखरा, ५ माघ

रोटरी क्लब अफ पोखरा न्यूरोड, रोटरी क्लब अफ नक्साल शक्ति, रोटरी क्लब अफ पोखरा क्यापिटलको संयूक्त आयोजना, फेदीखोला गाउँपालिका वडा नं. ३ को सहकार्य तथा गण्डकी मेडिकल कलेजको प्राविधिक सहयोगमा शनिबार फेदीखोला गाउँपालिका वडा नं. ३ भाटखोलाका ८७ जना महिलाहरुको पाठेघरको क्यान्सर सम्बन्धि भिआईए परिक्षण गरियो।



जसमध्ये जम्मा ६ जनाको भिआइए पोजिटिभ देखिएकोले उनिहरुलाई थप परिक्षणको लागि गण्डकी मेडिकल कलेजमा रिफर गरिएको छ। रोटरी क्लब अफ पोखरा न्यूरोडका अध्यक्ष दिपेन्द्र शर्माले सन् २०२४/२५ मा कास्की, स्याङजा, तनहुँ लगायतका जिल्लाका १५ सय भन्दा वढि महिलाहरुको पाठेघरको भिआइए परिक्षण गर्ने लक्ष्य लिएको वताउदै उक्त अभियान अन्तरगत तेस्रो शिविर भाटखोलामा गरिएको वताए। यस अगाडि पोखरा महानगरपालिका वडा नं. १६ र ७ नं वडामा गरिसकिएको वताए। फेदीखोला गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष कृष्ण बहादुर रानाभाटले आफ्नो वडामा कार्यक्रम ल्याएर सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै आगामि दिनहरुमा पनि सहयोगको अपेक्षा गर्दै वडा सदस्यहरु, स्वास्थ्य स्वयम्सेवीकाहरु, टोल विकास संस्थाहरुको पहलमा कार्यक्रम सफल भएको वताए।

रोटरी क्लब अफ पोखरा न्यूरोडका पुर्व अध्यक्ष प्रेम शर्मा, रोटरी क्लब अफ पोखरा क्यापिटलका संस्थापक अध्यक्ष सन्तोष सेन, भाटखोला स्वास्थ्य चौकी प्रमुख कविता गौतम, गण्डकी मेडिकल कलेज नयाँवजारकी स्त्री रोग विषेशज्ञ डा. बालकुमारी साह, स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाट लगायतले वोलेका थिए।







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# प्रतिपक्षी दलले दबाब बढाउने

प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' चारवटा मोर्चामार्फत सरकारमाथि दबाब बढाउने रणनीतिमा लागेका छन् । संसद्को तेस्रो ठूलो दलका अध्यक्ष प्रचण्डले कांग्रेस–एमालेलाई आलोपालो सन्तुलनमा राखेर डेढ वर्ष सत्ता चलाए । सत्ताबाट बाहिरिएपछि ६ महिना प्रचण्ड चुपचापजस्तै बसे । पछिल्लो समय सरकार रक्षात्मक भइरहेको दाबी गर्दै प्रचण्डले एकैपटक चारवटा मोर्चामार्फत दबाब बढाउने रणनीति अख्तियार गरेका हुन् ।

विपक्षी दलको रूपमा पार्टीबाट, अन्य विपक्षी दल समेतको बैठक गरेर तथा समाजवादी मोर्चा र संसदीय प्रक्रियामार्फत सरकारमाथि दबाब बढाउने प्रयासमा उनी देखिन्छन् । आवरणमा सुशासन, जनजीविका, दण्डहीनताजस्ता विषय प्रचण्डले उठाएका छन् । तर, प्रचण्डका हरेक क्रियाकलाप र भाषण सत्ताकेन्द्रित देखिन्छन् । यसअघि ६ महिनासम्म प्रचण्डले एकाधबाहेक सत्ताबारे खरो टिप्पणी गरेका थिएनन् । तर, पछिल्लो समय सरकार अब लामो समय नजाने दाबी प्रचण्डको भाषणमा छुटेको छैन ।

अध्यादेशकै कारण सत्ता गठबन्धनमा विग्रह आएको दाबी प्रचण्डको छ । यही मौकामा प्रचण्डले चौतर्फी मोर्चाबन्दी कसेर सरकारमाथि दबाब बढाउने रणनीति अख्तियार गरेका हुन् । पुस २१ देखि २३ गतेसम्म काठमाडौंमा बसेको केन्द्रीय कमिटीको छैटौं पूर्ण बैठकबाट माओवादीले १६ वटा प्रस्ताव पारित गरेको थियो, जसमा ९ वटा प्रस्ताव सरकारलक्षित थिए । संसदलाई छलेर अध्यादेशमार्फत शासन गर्न खोजेको, विधेयकहरू अलपत्र पारेको, विद्युत् प्राधिकरण र त्रिभुवन विश्वविद्यालयमा हस्तक्षेप गर्न खोजेको, शान्ति प्रक्रियाका बाँकी कामलाई टुंगोमा पुऱ्याउन नखोजेको भन्दै बैठकले सरकारको ध्यानाकर्षण गराएको थियो ।

प्रमुख प्रतिपक्षी दलहरूले तत्काल संसद्को हिउँदे अधिवेशनको प्रक्रिया थालनी गर्न आग्रह गरेको छ । सरकारले तत्काल अधिवेशन नबोलाए आफूहरू विशेष अधिवेशन माग गर्ने जानकारी पनि विपक्षी दलहरूले गराएका छन् ।

जनजीवन र जनजीविकालाई सहज बनाउन, सुशासन तथा सामाजिक न्यायको प्रत्याभूति गर्न तथा उद्यमशीलता बढाउन पनि माओवादीले माग गरेको थियो । त्यस्तै, सहकारी ठगीमा संलग्न सत्तारुढ दलका नेतालाई जोगाउन तथा अन्यमाथि प्रतिशोध साँध्न खोजेको भन्दै माओवादीले केन्द्रीय कमिटीबाट आपत्ति जनाएको थियो । यी विषयमा ध्यानाकर्षण गराउँदै माओवादीले सडक, संसद् सबैतिरबाट दबाब बढाउने निर्णय गरेको थियो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्थानीय तहमा कृषि एम्बुलेन्स

**पोखरापत्र संवाददाता**

बागलुङ, ५ माघ

किसानको घरबारीसम्म पुगेर कृषिजन्य उत्पादन बजारसम्म पुऱ्याउन जैमिनी नगरपालिकाले 'कृषि एम्बुलेन्स' सञ्चालनमा ल्याउने तयारी गरेको छ । सरकार र नगरको साझेदारीमा एम्बुलेन्स खरिदको तयारी गरिएको जनाइएको छ ।

'कृषि एम्बुलेन्स' खरिद प्रक्रिया अन्तिम चरणमा रहेको नगरका उपप्रमुख हरिहर शर्मालि बताउनुभयो । सङ्घीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयको रु २५ लाख अनुदान र जैमिनी नगरपालिकाको रु २५ लाख लगानीमा कृषि एम्बुलेन्स गर्न लागिएको हो ।

थानीय बजार साँघुरो रहेको र टाढाको ठूलो बजारसम्म कृषिजन्य उत्पादन पुऱ्याउन किसान आफैँलाई ढुवानीमा कठिन हुने भएकाले नगरले कृषि एम्बुलेन्सको अवधारणा ल्याएको हो । नगरको योजनालाई सरकारले महत्व दिएरै साझेदारी गरेको कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले बताउनुभयो । देशभरका इच्छुक स्थानीय तहसँग साझेदारी गरेर किसानलाई हित हुनेगरी 'कृषि एम्बुलेन्स' सञ्चालनको योजना बनाइने उहाँले बताउनुभयो ।

स्थानीय तहमा उत्पादित तरकारी, अदुवा, बेसार, फलफूल, रैथानेबाली, माछा, मह, मासु, दही, छुर्पीलगायत उप कृषि एम्बुलेन्समार्फत गरी बजार पुऱ्याउने नगरको लक्ष्य रहेको शर्मा बताउनुहुन्छ । "समूह वा फार्ममा आबद्ध किसानले उत्पादन गरेका फसल बजारसम्म लैजाने काम कृषि एम्बुलेन्सले गर्छ", शर्मा भन्नुहुन्छ, "सञ्चालन कार्यविधि तयार गरेर किसानलाई फाइदा पुग्नेगरी नगरभर एम्बुलेन्स परिचालन हुनेछ ।" नगरले एम्बुलेन्स सञ्चालनसँगै किसानलाई उत्पादन बढाउनका लागि पनि प्रोत्साहन गर्ने योजना बनाएको छ । बजारको अभावमा किसानको उत्पादन खेरजान नदिने र किसानलाई व्यावसायिक बनाउन नगरले एम्बुलेन्सको योजना ल्याएको शर्माले बताउनुभयो । बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा 'कृषि एम्बुलेन्स' सञ्चालनको घोषणा गरेको छ । कृषिजन्य उत्पादन बढाउने, बाँझो जग्गाको उपयोग गर्ने नीतिअनुसार कृषि एम्बुलेन्स सञ्चालनको घोषणा गरेको नगरले प्रक्रिया भने थालेको छैन ।

"हामी सरकारको कार्यक्रम पर्खिरहेका छौँ, अहिले नै हाम्रो बजेटले मात्रै एम्बुलेन्स सञ्चालन सम्भव छैन", नगर प्रमुख वसन्तकुमार श्रेष्ठले भन्नुभयो, "पहिले तरकारी मण्डी सञ्चालनको तयारीमा छौँ, त्यसपछि मात्रै किसानको तरकारी उठाउने एम्बुन्स ल्याउँछौँ ।" नगरपालिकाले मण्डी सञ्चालनका लागि वडा नं ४ को उपल्लाचौरमा जग्गा भाडामा लिइसकेको छ । थप बजार क्षेत्रमा जग्गाको व्यवस्थापनको तयारीमै रहेको श्रेष्ठले जानकारी दिनुभयो ।

# आगामी चैत नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव

**रासस**

काठमाडौं, ५ माघ

नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव (निटफेस्ट) को तेस्रो संस्करण आगामी चैत ६ गतेदेखि १४ गतेसम्म आयोजना हुने मण्डला थियटरले जनाएको छ ।

विश्व रङ्गमञ्च दिवसका अवसरमा आयोजना गरिने महोत्सवमा 'सामाजिक रुपान्तरणका लागि रङ्गमञ्चः रैथाने ज्ञानको उज्यालो' नारा राखिएको छ । महोत्सव संयोजक रङ्गकर्मी केदार श्रेष्ठले तेस्रो संस्करण काठमाडौँलगायत केही सहरमा गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "महोत्सवको निरन्तरतासँगै यसलाई अझै वृहत् बनाउने हाम्रो प्रयास हो, यसकारण हामीले यसलाई मुलुकका विभिन्न सहरमा पुगेर त्यहाँका दर्शकसँग साक्षात्कार गर्न चाहेका छौँ ।"

उहाँले गत असारमा आह्वान गरिएको सूचनामार्फत प्राप्त भएको नाटक तथा कार्यक्रम छनौट गरी केही दिनमै निटफेस्टको विस्तृत नाटक तथा कार्यक्रम तालिका सार्वजनिक गरिने जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ आरुबोट ध्डाको बोट सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः आरुबोट ध्डाको बोट सडक निर्माण

ठेगानाः पोखरा–३३, गैरगाउँ

योजना सम्झौता मितिः २०८१/०९/०२ गते

योजना शुरु हुने मितिः २०८१/०९/०३ गते

योजना सम्पन्न मितिः २०८१/०९/०५ गते

योजनाको कुल लागतः रु. ११,७७,४१६।१६

महानगरपालिकाबाटः रु. १०,००,०००।-

जनसहभागिताबाटः रु. १,७७,४१६।१६

अध्यक्षः विजय प्रसाद आचार्य

सम्पर्क नं.: ९८४६५२९२८८

निर्माण समिति सदस्य संख्याः ७

महिलाः ३, पुरुषः ४

**आरूबोट ध्डाको बोट सडक निर्माण उपभोक्ता समिति**

**पोखरा-३३, गैरगाउँ**


# सुलभ दशै तिहार बम्पर उपहार राहुल थापालाई

**पोखरापत्र संवाददाता**

पोखरा, ५ माघ




पोखरा ६ जरेबरमा रहेको सुलभ डिपार्टमेन्टल स्टोर्सले दशै तिहारमा ग्राकहरुलाई लक्षित ल्याएको उपहार योजना लक्की ड्र मार्फत सार्वजनीक गरेको छ ।

सुलभ उपभोक्ता सहकारी संस्थाद्वारा सञ्चालित स्टोर्सको लक्की ड्र बाट प्रथम पुरस्कार स्कुटर लेकसाइडका राहुल थापाले जितेका छन् ।

जिल्ला विकास समितिका पुर्व सभापति रमेश भट्टराईले लक्की ड्र तान्दा ४५८७५ नम्बरको थापाको नम्बर तान्दै प्रथम पुरस्कार विजेता घोषणा गरे ।

द्वितीय पुरस्कार एलजिको वासिङ मेसिन कुपन नम्बर २६१८५ का सुमन श्रेष्ठलाई परेको छ । त्यसै गरी तेस्रो पुरस्कार कुपन नम्बर १६२९२ का प्रविन गुरुङलाई परेको छ ।

सान्तोना पुरस्कार १३ जनाको नाम लक्की ड्र मार्फत छानेको डिपार्टमेन्टलका प्रबन्ध निर्देशक लक्ष्मण बरालले जानकारी दिए ।

२ हजार भन्दा बढिको एकै पटकमा खरिद गर्दा एउटा कुपन दिने गरको सहकारीका अध्यक्ष गोपीबहादुर भट्टराईले बताए । उनले करिब ४६ हजार कुपनबाट १६ जनालाई विभिन्न पुरस्कार लक्की ड्र मार्फत छानेको बताए ।

१६ वर्ष अगाडि पोखराका पर्यटन व्यवासायीहरुको संयुक्त लगानिमा स्थापना भएको सुलभ डिपार्टमेन्ट स्टोर्सले होटल तथा रेस्टुरेन्ट र दैनिक आवश्यक पर्ने र घरयासी सामग्रीहरुको सुलभ मूल्यमा बिक्री गर्दै आएको छ ।

# संरक्षण आमा समूहद्वारा आमाहरु सम्मानित

**पोखरापत्र संवाददाता**

पोखरा, ५ माघ




पोखराको बाटुलेचौरस्थित संरक्षण आमा समूहले, समूहको विकास र उन्नयनमा भुमिका खेल्ने आमाहरूलाई सम्मान् गरेको छ ।

समूहको २४ औं साधारण सभा तथा १२ औं अधिवेशनका अवसरमा निवर्तमान अध्यक्ष लक्ष्मी श्रेष्ठ, सिता थापा, भगवती बस्नेत र हिरा बस्नेतलाई सम्मान् गरेको हो । उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापा, वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, समूहका अध्यक्ष पार्वती बस्नेत र सल्लाहकार होम बहादुर खड्काले सम्मान पत्र, मायाको चिनो र दोशल्ला ओढाएर सम्मान गरे। कार्यक्रममा बोल्दै मन्त्री विन्दु कुमार थापाले सभ्य समाज निर्माण र शसक्तिकरणको क्षेत्रमा आमा समूहले खेलेको भूमिका महत्वपुर्ण रहेको बताउँनुभयो । उहाँले महिलाको क्षमता विकास र उनीहरुलाई आय आर्जन गर्नका लागि सिपमुलक तालिम दिन प्रदेश सरकारले विभिन्न कार्यक्रम अगाडि बढाएको स्पष्ट पार्नुभयो ।

वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले वडा भित्रका सामाजिक संघसंस्थासँग सहकार्य गरेर अघि बढ्न स्थानीय सरकार तयार रहेको बताउँनुभयो। समूहका अध्यक्ष पार्वती बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा हिमालय क्लवका अध्यक्ष मोहन वहादुर थापा, अमला बिसौनी धोविनी पाटन टोल विकास संस्थाका अध्यक्ष खगेन्द्र थापा, मैदान आमा समूहका अध्यक्ष ज्योति बस्नेत, निवर्तमान अध्यक्ष लक्ष्मी श्रेष्ठ लगायतले सामुहिक भावनाबाट नै समाज विकास हुने बताए। साधारणसभाले सचिव रूपा थापा र कोषाध्यक्ष ज्योति बस्नेतले पेश गर्नुभएको बार्षिक प्रतिवेदन पारित गरेको छ । उपाध्यक्ष गंगा कार्कीले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन सचिव रूपा थापा खत्रीले गर्नुभएको थियो ।

यसैबिच समूहको अधिवेशनले पुनः पार्वती बस्नेतको अध्यक्षतामा १३ सदस्यीय समिती चयन गरेको छ । समूहको प्रथम उपाध्यक्षमा गंगा कार्की, द्वितीय उपाध्यक्षमा रूपा थापा खत्री, सचिवमा सपना थापा, सहसचिवमा गीता अधिकारी, कोषाध्यक्षमा ज्योति बस्नेत, सहकोषाध्यक्षमा शारदा पौडेल र सदस्यमा श्रीदेवी थापा,सीता थापा,मंगला खड्का, प्रिती अम्गाई, सुनिता थापा र रेखा थापा बस्नेत रहनुभएको छ ।

विसं २०५७ सालमा गठन भएको समूहले महिला सशक्तीकरण तथा त्यस क्षेत्रको सामाजिक विकासमा कार्य गर्दै आइरहेको छ ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१–५७०६५१

# दिवा खाजाका लागि विद्यालयको कौसीमा तरकारीखेती

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ माघ

बागलुङ नगरपालिका-९ को तित्याङ माध्यमिक विद्यालयको कौसीमा यतिबेला आलु, बन्दा, काउली र ब्रोकाउली फलेका छन् । उत्पादित तरकारी विद्यालयकै चमेना गृहमा दिवा खाजाका लागि प्रयोग भइरहेको छ ।

विद्यार्थीले अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यालयको कौसीमा विभिन्न प्रकारका तरकारी फलाएका हुन् । यी तरकारी उनीहरूले आफैँ पनि पकाउँछन् भने केही र बिक्री पनि गर्छन् । तीन वर्ष पहिले प्रत्येक विद्यार्थीले रु ५० सङ्कलन गरेर ५० वटा गमला किनेका थिए । गमलामा मौसमअनुसारको तरकारी रोप्थे । फलेपछि शिक्षक विद्यार्थीले बाँडेर खान्थे । विद्यालयले विद्यार्थीलाई उत्पादनसँग जोड्न र स्थानीय पाठ्यक्रमअनुसार अध्यापनका लागि 'स्थानीय उत्पादन' शीर्षकमा ५० पूर्णाङ्कको प्रयोगात्मक सिकाइका लागि तरकारीखेतीमा प्रोत्साहन गरेको थियो । तित्याङ्का विद्यार्थीले गमलामा तरकारीखेती गरेको जानकारी पाएपछि सामाजिक क्षेत्रमा सक्रिय रहेको संस्थाले सिवाइसीले शिक्षक विद्यार्थीसँग छलफल गरेपछि कक्षा ६ देखि १० सम्मका १६ जना विद्यार्थीलाई समेटेर 'थ्री जिरो क्लब' गठन गरेको थियो ।





सिवाइसीले जिल्लाका ३५ भन्दा बढी विद्यालयमा 'शून्य गरिबी, शून्य बेरोजगारी र शून्य कार्बन उत्सर्जन' (थ्रि जेरो) नामक क्लब गठन गरी विद्यार्थीलाई व्यावसायिकतामा जोड्दै आएको छ । तीन वर्ष पहिलेदेखि प्रयोगात्मक कक्षाका लागि गमलामा तरकारीखेती गर्दै आएका विद्यार्थीलाई गत साउनमा सिवाइसीले बीउविजनसहित कृषि सामग्री उपलब्ध गराएको थियो । मल, तरकारीको बीउ र नर्सरी व्यवस्थापनका लागि विभिन्न उपकरण समेत सिवाइसीले उपलब्ध गराएको थियो । त्यसयता पक्की भवनको छतमै नर्सरी स्थापना गरेर तरकारी फलाइरहेका छन् । आफैँले उत्पादन गरेको तरकारी दिवा खाजामा समेत उनीहरूले प्रयोग गर्दै आएका छन् । विद्यार्थीले विद्यालयमा मात्र होइन घर-घरमा तरकारीखेती गर्न सुरु गरेका छन् ।

कक्षा शिक्षक बिदामा बसेको समय, दिउँसो खाजा खाने समय र आवश्यकता परेको बेला छुट्टीको दिन विद्यार्थीहरू उत्साहित भएर विद्यालय आउछन् । उनी दिनभरी नर्सरी र तरकारी खेतीमा रमाउछन् । विद्यालयको थ्रि जिरो क्लबका संरक्षक तथा शिक्षक भूपेन्द्रबहादुर खड्काले भन्नुभयो, "क्लबले यटपटक काउली, ब्रोकाउली र विभिन्न प्रकारका सागका विरुवा उत्पादन गरेर विद्यार्थीलाई वितरण गरेको छ ।" कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने एक सय जना विद्यार्थीलाई विभिन्न हिउँदे तरकारीका विरुवा वितरण गरिएको उहाँको भनाइ छ । विद्यार्थीले विद्यालयमा मात्रै नभइ घरमा समेत आफै तरकारीखेती गरिरहेको क्लबका अध्यक्ष सनिसा क्षत्रीले बताउनुभयो । "विदेशमा पढ्दै काम गर्दै गर्ने गरेको सुनिन्छ, यहाँपनि व्यवहारिक शिक्षाको कुरा हुन्छ", शिक्षक खड्काले भन्नुभयो "देश सुहाउँदो, हाम्रो भूगोल सुहाउँदो व्यावसायिक कृषि प्रणालीलाई थप व्यवस्थित गर्दै विद्यार्थीलाई उत्पादनसँग जोडेर सानो उमेर मै उद्यमी बन्ने प्रेरणा प्रदान गर्नु स्थानीय उत्पादन कार्यक्रम र क्लबको उद्देश्य हो ।"

यस अभियानलाई बागलुङ नगरपालिका वडा नम्बर ९ ले पनि सहयोग गर्दै आएको अध्यक्ष क्षेत्रीले बताउनुभयो । विद्यालयका प्रधानध्यापक कुमार उपाध्यायका अनुसार तरकारी उत्पादन र बिक्रीका लागि दुई वटा थ्रि जिरो क्लब छन् । एउटा क्लबले उत्पादनको काम गर्छ भने अर्काले बिक्री वितरणको काम गर्छ । विद्यालयको हरेक शुक्रबार हुने अतिरिक्त क्रियाकलाप र विभिन्न विशेष कार्यक्रममा विद्यार्थीले आफूले उत्पादन गरेका तरकारीका परिकार बनाउँछन् र विद्यालयमै शिक्षक र विद्यार्थीलाई बिक्री गर्छन् । बिक्रीबाट भएको आम्दानी तरकारीको बीउ, मल खरिदमा खर्चने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनबहादुर थापाले बताउनुभयो ।

# माछापुच्छ्रे -९, सिधिङमा साविक वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ माघ

कास्की माछापुच्छ्रे गाउँपालिका वडा न.-९ सिधिङमा सविक वडा स्तरीय खुल्ला पुरुष भलिबल प्रतियोगिता हुने भएको छ । सिधिङ युनाईटेडले क्लबको वार्षिक उत्सवको अवसर पारेर प्रतियोगिता आयोजना गरेको हो ।



माछापुच्छ्रे गाउँपालिका सामाजिक विकास समिति संयोजक एवं वडा न.९ का अध्यक्ष हरि ब. क्षेत्रिले प्रतियोगिताले समग्र माछापुच्छ्रे गा.पाको खेलकुद क्षेत्रको विकास संगै कला, संस्कार र संकृतिको जगेर्ना गर्ने विश्वस ब्यक्त गरे । माघ ३० गते देखि फागुन ३ गते सम्म चल्ने प्रतियोगितामा प्रथम हुनेले नगद रु ८५ हजार, द्धितियले नगद रु ५० हजार र तृतीयले नगद रु ३० हजार र सान्त्वना हुनेले नगद रु २० हजार रुपँया साथमा ट्रफि, मेडल र प्रमाण-पत्र प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडी,उत्कृष्ट स्पाईकर र उत्कृष्ट सेटरलाई नगद पुरस्कारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने क्लबका अध्यक्ष सुक ब.तामाङले बताए । पुरुष भलिबल तर्फ दर्ता शुल्क रु ६ हजार रहेको छ । भेट्रान्स भलिबल प्रतियोगिता तर्फको विजेताले नगद रु ३०,००० र उप-विजेताले नगद रु २०,००० हजार साथमा ट्रफी,मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । भेट्रान्स तर्फ दर्ता शुल्क नगद रु ३ हजार रहेको छ । कार्यक्रमको अन्य आकर्षणको रूपमा हरेक दिन राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरू द्धारा नृत्य,गायन,हास्यब्यङ्ग विशेष प्रस्तुति र विभिन्न सांस्कृतिक कार्यक्रम रहने छन् । साथै आधारभूत विघालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता,रस्साकस्सी, छेलो हान्ने,घैंटो फुटाई लगायतका प्रतियोगिता पनि रहने क्लबका क.वा सचिव प्रज्वल क्षेत्रिले बताए । आयोजित विभिन्न प्रतियोगितामा सहभागी हुन माघ २९ गते बेलुका ४:०० बजे भित्र समूहको नाम दर्ता गरिसक्नु पर्ने आयोजकले बताएको छ ।

# अनलाइनबाट नागरिकता सिफारिस

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ माघ

जिल्ला प्रशासन कार्यालय म्याग्दीले अनलाइन प्रणालीमार्फत नागरिकताको सिफारिस गर्ने व्यवस्था मिलाएको छ ।

यस्तो व्यवस्थासँगै सेवाग्राहीले नागरिकताका लागि वडा कार्यालयबाट लिखित सिफारिसको कागजपत्र बोकेर प्रशासनमा धाउनुपर्ने समस्या हटेको छ । प्रमुख जिल्ला अधिकारी गुरूदत्त ढकालले नागरिकता सिफारिसको कार्यलाई समयसापेक्ष, प्रविधिमैत्री र सेवाग्राहीलाई झन्झटरहित छिटोछरितो सेवा प्रवाह गराउन अनलाइनप्रणालीमार्फतनागरिकताको सिफारिस गर्ने व्यवस्था मिलाएको बताउनुभयो ।

"गृह मन्त्रालयले विकास गरेको सफ्टवेयरमा वडा कार्यालयले सेवाग्राहीको विवरण भरेर कोड (सङ्केत) नम्बरसहित प्रशासनमा पठाउँछन्", उहाँले भन्नुभयो, "सङ्केत नम्बर लिएर आउने सेवाग्राहीको विवरण रूजु गरेर प्रशासनले नागरिकता प्रदान गर्छ ।" अनलाइन प्रणालीबाट नागरिकता सिफारिससम्बन्धी सेवा प्रवाहका लागि विसं २०६० चैत ७ गतेभन्दा पछि जिल्ला प्रशासन कार्यालय म्याग्दीमार्फत वितरण भएका नागरिकताको विवरण सफ्टवेयरमा प्रविष्ट गरिएको छ । विसं २०६० चैत ७ गते बेनी भीडन्तका क्रममा प्रशासनका कागजपत्र जलेका कारण अभिलेख नराखिएको हो । राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, आन्तरिक राजस्व कार्यालयले जारी गरेको प्यान नम्बर, सवारी चालक अनुमतिपत्रलाई पनि सफ्टवेयरमा समावेश गरिएको छ । अनलाइनमार्फत सिफारिस गर्दा नागरिकता सिफारिसमा हुने गलत क्रियाकलाप नियन्त्रण हुने, सेवाग्राहीलाई झन्झट नहुने र कर्मचारीलाई पनि काम गर्न सजिलो भएको प्रजिअ ढकालको भनाइ छ ।

म्याग्दीका छवटै स्थानीय तहका ४५ वटा वडाका अध्यक्ष, सचिव र पञ्जीकरण शाखाका कर्मचारीलाई अनलाइन प्रणालीबाट नागरिकताको सिफारिस गर्ने प्रक्रियाको विषयमा तालिम दिइएको थियो । जिल्ला प्रशासन कार्यालय, म्याग्दीले यसअघि सेवाका लागि निवेदन आवश्यक नपर्ने व्यवस्था मिलाएको थियो । सिफारिसकै आधारमा सेवा दिने व्यवस्था मिलाएपछि सेवाग्राहीलाई सहज भएको छ ।

# पर्यटक भित्र्याउन तीन सय वर्ष पुरानो मौलिक शहरको प्रवर्द्धन

**रासस**
बागलुङ, ५ माघ

अहिलेको बागलुङ बजार दुई सय ८४ वर्षभन्दा पुरानो हो । पुरानो बजारमा अहिलेपनि एक सय वर्षभन्दा पहिले बनाइएका कलात्मक घर अहिले पनि उस्तै छन् । यहाँको नारायण चोक संस्कृतिक विविधताले धनी छ । अहिले त्यही नारायणचोक क्षेत्रलाई मौलिक शहरको रुपमा विकास गरी पर्यटक चिनाउने अभियान थालिएको छ ।

बागलुङ नगरपालिका-३ स्थित नारायणचोक आसपासका घर परम्परागत शैलीमा निर्माण भएका छन् । पर्यटकीय शहरका हिसाबले अझै महत्वपूर्ण मानिएको पुरानो शहरलाई स्थानीय र वडा कार्यालय मिलेर पर्यटन भित्र्याउनेगरी मौलिक शहरको रुपमा विकास गर्न थालिएको छ । नारायणचोकसँगै देउराली चोक, किराना टोल, नौबीसे टोल र कम्पुटोल बागलुङ बजारको पुरानो शहरमा पर्दछ । सय वर्ष पुरानो बागलुङ बजारको नारायणचोकमा रहेको भक्तिलाल चौपारी अहिले धपक्क बोलेको छ । चौपारीलाई बाँस र खरले छाइएको छ भने बत्तीले झिलीमिली पारिएको छ ।

बागलुङ नगरपालिका-३ वडा कार्यालय र स्थानीयको पहलमा गुमनाम बन्दै आएको बागलुङको पुरानो शहर संरक्षण गर्दै मौलिकता झल्कनेगरी सजाउन थालिएको छ । बढ्दो शहरीकरणको चापमा पुरानो शहर ओझेलमा पर्न थालेपछि स्थानीयले शहरको प्रचारप्रसारका लागि प्रवेशद्वार निर्माण, भक्तिलाल चौपारी पुनःनिर्माण, सजावट, सांस्कृतिक कार्यक्रम गर्ने र पर्यटकलाई स्थानीय खानाका परिकार चखाउन थालिएको हो । मौलिक शहरको रुपमा विकास गर्न भक्तिलाल चौपारीलाई सजाइएको छ भने पाँच वटा टोलको प्रवेशद्वारमा बाँसमाथी खरले छाएका प्रवेशद्वार बनाइएको छ । बढ्दो शहरीकरणका कारण मासिँदै गएको मौलिक शहरलाई जीवितै राख्नका लागि प्रचार-प्रसारमा जुटेको बागलुङ नगरपालिका-३ का वडा अध्यक्ष सनी केसीले बताउनुभयो ।

नेवारी बस्तीलाई मौलिक शहरको रुपमा स्थानीयको सक्रियतामा विकास गर्न थालिएको केसीको भनाइ छ । "अहिले पुरानो बजारलाई बेहुली झै सिगारिएको छ, उक्त शहरलाई सधैँ उस्तै बनाउने हाम्रो योजना हो, शहरको विभिन्न ठाउँलाई मौलिकरुपमा देखाउन सजाइएको छ, भक्तिलाल चौपारीमा नियमित सांस्कृतिक कार्यक्रम गरिन्छ" केसीले भन्नुभयो "स्थानीयले सहयोग सङ्कलन गरेका छन् भने वडा कार्यालयले दुई लाख ५० हजार बजेट विनियोजन गरेको छ, पर्यटकीय शहरको रुपमा विकास गरेर सुनसान पुरानो शहरलाई गुल्जार बनाउने हाम्रो योजना हो, अहिले शुक्रबार र शनिबार नियमित सास्कृतिक कार्यक्रम हुन्छ भने पुरानो बजारमा ठूला सवारीसाधान आउनका लागि रोक लगाइएको छ ।"

मुख्यतया नारायणचोक र देउराली चोकमा पर्यटक भित्र्याउनका लागि सडकमा ढुङ्गा छाप्ने र बन्दीपुरको झल्को दिनेगरी फूल लगाउने काम थालिएको हो । वडाको अभियानलाई स्थानीय नेवार समुदाय र अन्य समुदायले साथ दिनथालेका छन् । अहिले शुक्रबार र शनिबार साँझमा सांस्कृतिक कार्यक्रम गर्न थालिएको छ । जस्मा नेवारी र मगर सांस्कृति देखाउनसमेत थालिसकेको छ । विसं २०११ सालमा विपीसमेतले भक्तिलाल चौपारीमा उभिएर भाषण गरेको, नेवारी संस्कृति हनुमान नाँच र भदौरे नाँच यही चौपारीबाट निकालिँदै आएको र दसैँमा मालाश्री गाउने चौपारीलाई अहिले सिगारिएको किसानरा टोलका स्थानीय मुकेशचन्द्र राजभण्डारीले जानकारी दिनुभयो । भक्तिलाल चौपारी संस्कृति र राजनीतिको उद्गम थलको रुपमा रहेको राजभण्डारीको भनाइ छ । "मौलिक घर नै हाम्रा सम्पत्ती हुन् बन्दीपुरमा जस्तो पर्यटक भित्र्याउन नारायणचोकले सक्दछ, यहाँको नयाँ र पुरानो समुदायले पहिचानअनुसारको खानाका परिकार र आतिथ्यता दिनथालेका छन्" राजभण्डारीले भन्नुभयो "खासगरी नेवारी र मगर संस्कृति प्रदर्शन र परिकारले स्थानीय पर्यटक तान्नेछ भने यहाँको नारायणचोक र देउराली चोकको प्रचारप्रसार हुँनेछ ।"

सजाइएको पुरानो शहरले व्यापार बढाउने अपेक्षा गरेको स्थानीय रन्जितप्रसाद मलेपतीले बताउनुभयो । एक सय वर्षभन्दा पुरानो घरमा अझै डोको, नाम्लो, माछा मार्ने जालजस्ता सामग्री बिक्री गर्दै आउनुभएका मलेपतीले पुरानो बजारलाई पर्यटनसामु चिनाउन आवश्यक रहेको बताउनुभयो । आधुनिकतासँगै मौलिकतासमेतको समेत महत्व बढेर आएको उहाँको भनाइ छ । उहाँले यही पुरानोबजारबाट नयाँ बजार विस्तार भएको बताउदै पुरानो बजारलाई मौलिक शहरको रुपमा विकास गर्न स्थानीय लागेको बताउनुभयो ।

नारायणचोकमा दरबारको झल्कोदिनेगरी १९९५ सालमा ओम प्रसाद गौचनले निर्माण गरिएको ५२ झ्याले घर समेत संरक्षण गरी राखिएको छ । यहाँको पुरानो बस्ती अध्ययन अवलोकनकासमेत लागि महत्वपूर्ण मानिदै आइएको छ । यहाँको तीन सय वर्ष पुरानो हनुमान नाँच, लाखे नाँच, रोपाई नाँचलगायतका नाँचहरुले समय-समयमा प्रदर्शन गरिँदै आइएको छ ।

# 'निफ' मा ४० देशका ८७ वटा चलचित्र छनोट

**रासस**
काठमाडौं, ५ माघ

'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को आठौँ संस्करण आगामी चैतमा हुँदैछ । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा हुने महोत्सवमा ४० देशका ८७ वटा चलचित्र छनोट भएको महोत्सव अध्यक्ष केपी पाठकले जानकारी दिनुभयो ।

अध्यक्ष पाठकले निफमा ७० देशका छ सयभन्दा धेरै चलचित्रले प्रदर्शनीका लागि दिएको प्रस्तावमा निर्णायक समितिले उक्त चलचित्र छनोट गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस अगाडिका शृङ्खलाभन्दा भव्य बनाउने किसिमले हामीले तयारी गरिरहेका छौँ । चलचित्र प्रेमी दर्शक आकर्षित हुनेगरी हामीले प्राप्तमध्येबाट चलचित्र छनोट गरेका छौँ । यो विश्वभरका चलचित्रकर्मी भेटघाट र छलफल चलचित्र आदानप्रदान गर्ने माध्यम बन्नेमा विश्वस्त छौँ ।"

अध्यक्ष पाठकले निफमा स्वदेशी तथा विदेशी चलचित्रकर्मी, राजनीतिज्ञ र समाजका प्रतिष्ठित व्यक्तित्वसँग छलफल गरिनुका साथै विभिन्न कार्यशाला पनि सञ्चालन हुने बताउनुभयो । महोत्सवलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय गरेर दुई किसिमले वर्गीकरण गरिएको छ । दुवैमा 'फिचर' र लघु चलचित्रका साथै वृत्तचित्र विधामा अवार्ड वितरण गरिने छ । नेपाली कथानक चलचित्रको प्रतिस्पर्धा हुने 'नेसनल पानोरमा' मा जोन योञ्जनको 'क्रलिङ क्रोज', दिनेश राउतको 'पूजार सार्की', विनोद पौडेलको 'भूठान' र लक्ष्मण सुवेदीको 'सतीदेवी' छनोट भएका छन् ।

नेपाली वृत्तचित्रको प्रतिस्पर्धा विधामा सुविना श्रेष्ठको 'देवी', रजिला श्रेष्ठको 'छेसाङ', गौरव आयरको 'मुक्ति', तासी लाजोमको 'नो मोनास्ट्री नो भिलेज', दीपा श्रेष्ठको 'उड्ने सपना' र लव प्याकुरेलको 'गर्ल्स रिराइटिङ डेस्टिनी' रहेको छ । यस संस्करणदेखि एआई प्रविधिबाट वा सोसम्बन्धी विषयमा बनेको चलचित्रको प्रतिस्पर्धा पनि थप गरिएको महोत्सव निर्देशक पाठकले जानकारी दिनुभयो । 'एआई फिल्म्स' नाम दिइएको यो विधामा चीनको 'एथ्री हेजिस्टेसन अफ योर्स क्यान डिस्ट्रोय दी वर्ल्ड', अर्जेन्टिनाको 'दी एबिस', फ्रान्सको 'गोल्ड कास्टिङ', पेरूको 'दी ड्रिम, दी फग एन्ड दी रेन' र अमेरिकाको 'मब पार्ट १' रहेको छ । महोत्सवमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत सर्वोत्कृष्ट हुने चलचित्रलाई एक हजार पाँचसय अमेरिकी डलर राशिसहित 'गौतम बुद्ध अवार्ड' प्रदान गरिनेछ । त्यसै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्रबाट कुनै एक चलचित्रलाई 'अन्तर्राष्ट्रिय चलचित्र समाज महासङ्घ' को तर्फबाट 'डन कि होते' शीर्षकमा पुरस्कार प्रदान गरिनेछ ।

नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट चलचित्रलाई एक लाख नगद र ट्रफी, उत्कृष्ट छोटो चलचित्र र उत्कृष्ट वृत्तचित्रलाई रू ५०/५० हजार नगद र ट्रफी प्रदान गरिनेछ । महोत्सवमा सर्वोत्कृष्ट अन्तर ाष्ट्रिय वृत्तचित्रलाई एक हजार डलर राशिको 'माउन्ट एभरेस्ट अवार्ड' र सर्वोत्कृष्ट अन्तर ाष्ट्रिय लघुचलचित्रलाई पाँच सय डलरको 'बागमती अवार्ड' प्रदान गरिनेछ । एआई प्रविधिको चलचित्रलाई पाँच सय अमेरिकी डलरको 'मञ्जुश्री अवार्ड' प्रदान गरिने आयोजकले जनाएको छ ।

# विश्वकप खोखो प्रतियोगिताको फाइनलमा नेपाली महिला टोली

**रासस**
काठमाडौं, ५ माघ

नेपाली महिला राष्ट्रिय खोखो टोलीले युगान्डालाई पराजित गर्दै विश्वकप प्रतियोगिताको फाइनलमा पुगेको छ ।

नेपालले सहभागिता जनाउने खेलअन्तर्गत विश्वकपको फाइनलमा पुगेको यो पहिलो ऐतिहासिक सफलता हो । भारतको नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर खेल मैदानमा आज भएको सेमिफाइनल खेलमा नेपालले युगान्डालाई ८९-१८ ले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो । नेपालको महिला टोली अपराजित रहँदै फाइनल पुगेको हो । महिलातर्फ समूह 'सी'मा रहेको नेपालले पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलङ्कालाई ११०-१० ले र चौथो खेलमा बङ्गलादेशलाई ८४-२४ ले पराजित गरेको थियो ।

यसैगरी क्वाटरफाइनल खेलमा नेपालले इरानलाई १०३-८ अङ्कको अन्तरले हराउँदै सेमिफाइनलमा पुगेको थियो ।